# अफवाह र तथ्यहरु

अकं १

मार्च, २०२०

## अफवाहहरु

शरीरमा तेल दलेर नोभल कोरोना भाइरसबाट बच्न सकिन्छ ।

निमोनिया वा अन्य रोगको एन्टिबायोटिकले नोभल कोरोना भाइरसबाट जोगाउँछ ।

कुकुर, विरालाजस्ता घर पालुवा जनावरले नोभल कोरोना भाइरस सार्न सक्छन् ।

रुघा खोकी लागेका सबैलाई नोभल कोरोना भाइरसको सक्रमण हुन्छ ।

सामाजिक संजाल अनुगमन

पत्र पत्रिका अनुगमन

समुदाय

लसुन पानी सेवन गरेर नोभेल कोरोना भाइरसबाट बच्न सकिन्छ ।

कोरोनाबाट बच्न बेसार, बोझो र लसुन खानुपर्छ ।

शरीरमा अल्कोहल लगाउनाले नोभल कोरोना भाइरसबाट बच्न सकिन्छ ।

नोभल कोरोना भाइरस हावाको माध्यमबाट पनि सर्छ भन्ने सुनिएको छ ।

चीनबाट आएका मानिसबाट टाढा रहनुपर्छ ।

चीनबाट हुलाक मार्फत आएका सामानहरूबाट नोभल कोरोना भाइरस सर्न सक्छ ।

## तथ्यहरु

- लसुन खानाले मानिसहरूलाई नोभल कोरोनाभाइरस सक्रमणलाई निको बनाएको कुनै प्रमाण छैन ।
- शरीरमा तेल दलेर नोभल कोरोनाभाइरस मर्दैन ।
- एन्टिबायोटिकले भाइरस बिरुद्ध काम गर्दैन । त्यसैले, योग्य मेडिकल डाक्टरले नतोकेसम्म एन्टिबायोटिकलाई नयाँ कोरोनाभाइरसले गर्दा भएको रोगको रोकथाम वा उपचारको रूपमा प्रयोग गर्नु हुँदैन ।
- नियमित रूपमा र राम्ररी अल्कोहलयुक्त स्यानिटाइजरले हात सफा गर्दा वा साबुनपानीले हात धुँदा हाम्रो हातमा हुने भाइरसहरू मर्छन्। कृपया विश्व स्वास्थ सगठन द्वारा बनाइएको युटुब भिडियो हेर्नुहोस
  अल्कोहलयुक्त स्यानिटाइजर हातमा दल्ने तरिका । https://www.youtube.com/watch?v=ZnSjFr6J9HI .
  साबुनपानीले हात धुने तरिका । https://www.youtube.com/watch?v=ZnSjFr6J9HI .
- चीनबाट प्याकेजहरू प्राप्त गर्ने व्यक्तिहरू नयाँ कोरोनाभाइरसको जोखिममा छैनन्। यस अघिको विश्लेषणबाट कोरोनाभाइरसहरू चिठ्ठी वा प्याकेज जस्ता वस्तुहरूमा लामो समयसम्म बाँच्दैनन् भन्ने अवगतनै छ । तसर्थ, यी रोग सार्ने माध्यम होइनन् ।
- घरपालुवा जनावरहरू जस्तै कुकुर वा बिरालाहरूबाट कोरोनाभाइरस सरेको हालसम्म कुनै प्रमाण छैन । यद्यपि घरपालुवा जनावरहरूसँग सम्पर्क पछि साबुनपानीले आफ्ना हात धुनु राम्रो हो ।

हटलाइन नम्बरहरू

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४

नेपाल रेडक्रस

११३०

वेबसाईट :https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019/advice-for-public/myth-busters

NEPAL

Nepal Red Cross Society